आज मिति २०८१-०६-१५ गते मंगलबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको तेस्रो (आ.ब. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं. ७) | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | Dharu |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १५ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री बिरेन्द्र साउद | रोजगार शाखा प्रमुख | |

मितिः २०८१ असोज १५ गते मंगलबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः३

**प्रस्तावहरुः**

१) दशैंको शुभकामना आदानप्रदान तथा झण्डा पुजा कार्यक्रम सम्बन्धमा।

२) स्वास्थ्य शाखालाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।

३) विपद प्रभावितहरूलाई राहत वितरण तथा जाली र पाइप खरिद गर्ने सम्बन्धमा।

४) ट्र्याक्टर चालक सम्बन्धमा।

५) अन्तिम यात्रालाई निःशुल्क गर्ने सम्बन्धमा।

६) सेवा सुविधा सम्बन्धमा।

७) नुन, चिनी वितरण सम्बन्धमा।

८) ट्राफिक प्रहरी कार्यालय, दिपायलको भान्सा मर्मत सम्बन्धमा।

९) भुमिराजमाण्डौं स्वास्थ्य चौकीको भवन सम्बन्धमा।

१०) चाडपर्व खर्च सम्बन्धमा।

११) विद्यालयको लागि आवश्यक सामग्री व्यवस्थापन सम्बन्धमा।

१२) राष्ट्रपति रनिङ शिल्डको रकम भुक्तानी सम्बन्धमा।

१३) सामाजिक परीक्षण गर्ने सम्बन्धमा।

१४) बेरोजगार प्राथमीकरण सूचीबारे छलफल सम्बन्धमा।

१५) IDA श्रोत अन्तर्गतका आयोजना संचालन सम्बन्धमा।

**निर्णयहरूः**

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालीहरूको महान चाड बडा दशैंको पावन अवसरमा यहि असोज १८ गते दशैंको शुभकामना आदानप्रदान तथा झण्डा पूजा कार्यक्रम गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा डोटी जिल्लामा रहेका स्थानीय तह अन्तर्गत स्वास्थ्य शाखाहरूको बार्षिक समीक्षा तथा मूल्यांकन कार्यक्रममा के.आई.सिंह गाउँपालिकाले प्रथम स्थान हासिल गरेकाले स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य क्षेत्रमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र समग्र स्वास्थ्य शाखालाई धन्यवाद ज्ञापन गरियो साथै स्वास्थ्य शाखा प्रमुखलाई सम्मान पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०८१ भाद्र २७ देखि २९ सम्म परेको अविरल वर्षाको कारण क्षति व्यहोर्नु परेकाहरूलाई के.आई.सिंह गाउँपालिकाले तर्जुमा गरेको कार्यविधि तथा मापदण्ड बमोजिम यथाशिघ्र राहत उपलब्ध गराउने साथै खानेपानी तथा सिंचाईका लागि आवश्यक पर्ने पाइप र तटबन्धका लागि आवश्यक जाली खरिद गर्ने निर्णय गरियो।

मितिः २०८१ असोज १५ गते मंगलबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः ३

**निर्णय नं. ४:**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको ट्रयाक्टर चालक पद रिक्त रहेको र उमेश कुवँर मिति २०८१-०६-०५ देखि नै कार्यरत रहेकोले प्रतिदिन रू.७५० ज्याला हुने गरी उमेश कुवँरलाई कामकाज गरिराखेको दिन देखि दैनिक ज्यालादारीमा उक्त पदमा नियुक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. ०८१-०८२ मा हालसम्म पेश हुन आएका गाउँपालिका अध्यक्ष ज्यूको भ्रमण खर्च, सवारी साधन भाडा, अतिथि सत्कार, इन्धन लगायतका खर्चहरू स्वीकृत गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मुख्य चाडपर्वको समयमा कार्यालयको रेखदेखका लागि खटिने कर्मचारीहरू श्याम बिष्ट, रमेश खत्री र देवी राम पाण्डेयलाई आलोपालो पाले पहराको जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चाडपर्वको बेलामा दैनिक रूपमा अति आवश्यक खाद्य पदार्थ सहुलियत दरमा उपलव्ध गराउनका लागि नुन र चिनी बिक्री गर्न दशैं र तिहारको बीचमा सुपथ मूल्य पसल संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ८:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला ट्राफिक प्रहरी कार्यालयले खाना पकाउने भान्सा मर्मतका लागि आवश्यक सहयोग गरिदिन भनी निवेदन पेश गरेकोले उक्त कार्यालयलाई **भौतिक संरचना मर्मत सम्भार** शीर्षकबाट रू. २०,०००|-(बिस हजार) रकम बराबरको सामग्री उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा नं. ६ स्थित भूमिराजमाण्डौं स्वास्थ्य चौकीको भवन जीर्ण अवस्थामा रही सेवा प्रवाह गर्न समस्या भएकोले सेवा प्रवाह सहज बनाउन आवश्यक कोठा(भवन) भाडामा लिने निर्णय गरियो।

निर्णय नं. १०:

प्रस्ताव नं. १० माथि छलफल गर्दा बाल विकास, विद्यालय कर्मचारी र कार्यालय सहयोगीहरूलाई स्केल अनुसारको चाडपर्व खर्च उपलव्ध गराउनका लागि हिउँदे अधिवेशनबाट स्रोत व्यवस्थापन गरी निजहरूलाई चाडपर्व खर्च उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११:

प्रस्ताव नं. ११ माथि छलफल गर्दा सामुदायिक विद्यालयमा सिकाइमैत्री, बालमैत्री वातावरण निर्माणका लागि भौतिक सामग्री व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा सिकाईमैत्री बालमैत्री वातावरण निर्माणका लागि भौतिक सामग्री व्यवस्थापन खर्च शीर्षकबाट पि फम र कार्पेट खरिद गरि विद्यालयहरूलाई वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. १२:

प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. ०८०-०८१ मा सम्पन्न राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम गर्दाको रकम भुक्तानी गर्न बाँकी रहेकोले सो कार्यक्रममा खर्च भएको रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १३:

प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व. ०८०-०८१ मा के.आई.सिंह गा.पा.ले लिएका नीति, योजना तथा कार्यक्रमहरूको प्रगतीका सन्दर्भमा बार्षिक समीक्षा तथा सामाजिक परीक्षण गर्ने निर्णय गरियो।

CamScanner

मितिः २०८१ असोज १५ गते मंगलबार

केआई सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः३

निर्णय नं. १४:

प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा काम गर्नका लागि सुचीकृत ९८४ जना बेरोजगार व्यक्तिहरुको प्राथमीकरण सूची बारे छलफल गरियो।

निर्णय नं. १५:

प्रस्ताव नंम्बर १५ माथी छलफल गर्दा IDA श्रोत अन्तर्गत प्राप्त वजेटलाई कार्यान्वयन गर्न बेरोजगार सूचीमा रहेका १८-४० वर्ष उमेर समुहका ४० जना व्यक्तिहरुलाई ५० दिन कार्यस्थलमा आधारित सिपमुलक तालिम र ५० दिन बराबर पूर्वाधार मर्मत सम्भार आयोजना संचालन गर्न वडा नं.२, ३, ६ र ७ लाई छनौट गर्ने निर्णय गरियो।